आज मिति २०८२।०४।०९ गते (ने.स.११४५ गुंलाथ्व पारु) शुक्रबारका दिन विहानको ८:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८२/८३ को पहिलो बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

आमन्त्रीत :

| | | |
|---|---|---|
| आनन्द शेरपुजा | सचिव,ने.क.पा, एमाले, अन्नपूर्ण गा.पा. | |
| तीर्थ बहादुर खड्का | सभापति रा.प्र.पा.नेपाल,अन्नपूर्ण गा.पा. | |
| पूर्ण बहादुर पाइजा | अध्यक्ष,ने.क.पा.माओवादी,अन्नपूर्ण गा.पा | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८२।०४।०९ गते

समय : विहान ८:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८२।०४।०५ गते

**मिति २०८२।०४।०९ गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः-**

१) स्थानीय सडकको सवारी साधनको भाडादर सम्बन्धमा

२) कर्मचारी तहवृद्धि तथा कर्मचारी व्यवस्था सम्बन्धमा

३) विविध

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १

प्रस्ताव नं १ उपर छलफल गर्दा म्याग्दी जिल्ला सदरमुकाम बेनी बजारबाट यस गाउँपालिका भित्र पर्ने सडकहरुमा चल्ने सार्वजनिक सवारीसाधनहरुको तपसिल बमोजिम भाडादर निर्धारण गरी जिल्ला प्रशासन कार्यालय म्याग्दीमा कार्यान्वयनको लागि पत्राचार गर्ने ।

तससिल :

बेनी देखि अन्नपूर्ण गाउँपालिका भित्रका विभिन्न ठाउहरुसम्मको सार्वजनिक बसको भाडादर

| क्र.स. | ठाउँको नाम | हालको भाडादर रु | प्रस्तावित भाडा रु | गाउँपालिकाद्वारा निर्धारित भाडा रु |
|---|---|---|---|---|
| १ | बैसरी | ११० | ११० | १०० |
| २ | महभिर | २१० | २१० | २०० |
| ३ | भिरकाटे | २३० | २३० | २३० |
| ४ | पोखरेवगर | २७० | २३० | २५० |
| ५ | तातोपानी | २९५ | २९५ | २८० |
| ६ | गुईथे | ३२५ | ३२५ | ३०० |
| ७ | दाना/तितर | ३६० | ३६० | ३५० |
| ८ | रुप्से | ४१० | ४१० | ३८० |
| ९ | काभ्रे | ४२० | ४२० | ४०० |
| १० | विरौटा | ३२० | ३२० | ३२० |
| ११ | भुवानीथान | ३४५ | ३४५ | ३४५ |
| १२ | घारा | ३७० | ३७० | ३७० |
| १३ | खिवाङ | ४२० | ४२० | ४२० |
| १४ | चित्रे | ४७० | ४७० | ४७० |
| १५ | घोरेपानी | ५०० | ५०० | ५०० |

बेनी देखि अन्नपूर्ण गाउँपालिकाको विभिन्न ठाउहरुसम्मको सार्वजनिक जीप/बोलेरोको भाडादर :

| क्र.स. | ठाउँको नाम | गाउँपालिकाद्वारा निर्धारित भाडा रु | क्र.स. | ठाउँको नाम | गाउँपालिकाद्वारा निर्धारित भाडा रु |
|---|---|---|---|---|---|
| १ | बैसरी | १०० | १६ | स्वात, किन्दु | ७०० |
| २ | महभिर | २२० | १७ | विरौटा | ३६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | भिरकाटे | २५० | १८ | घारा | ४०० |
| ४ | पोखरेवगर | ३०० | १९ | खिबाङ | ४५० |
| ५ | दोवा/छाप/सेतोतो | ५०० | २० | शिख | ५०० |
| ६ | तातोपानी | ३२० | २१ | चित्रे | ६०० |
| ७ | भुरुङ मान्द्रेढुङ्गा | ५०० | २२ | घोरेपानी | ८०० |
| ८ | गुईथे | ३५० | २३ | हिस्तान | ६५० |
| ९ | दाना/तितँर | ४०० | २४ | घराम्दी | ६५० |
| १० | रुप्से | ४२० | २५ | दोसल्ले | ४५० |
| ११ | काभ्रे | ४५० | २६ | औला | ५५० |
| १२ | नारच्याङ | ४०० | २७ | रिमा | ६५० |
| १३ | लेकगाउँ | ६०० | २८ | काफलडाँडा | ७५० |
| १४ | गाडपार | ४५० | २९ | राम्चे | ८५० |
| १५ | पाउद्वार | ७०० | ३० | नागी | ९५० |

**बेनी देखी अन्नपूर्ण गाउँपालिकाको विभिन्न ठाउहरुसम्मको ट्याक्सीको भाडादर (रिजर्भ)**

| क्र.स. | ठाउँको नाम | हालको भाडादर | प्रस्तावित भाडादर | गाउँपालिकाद्वारा निर्धारित भाडादर |
|---|---|---|---|---|
| १ | बैसरी | १००० | ८०० | ८०० |
| २ | महभिर | - | - | १२०० |
| ३ | पोखरेवगर | १६०० | १४०० | १४०० |
| ४ | भु. तातोपानी बजार | १८०० | १६०० | १६०० |
| ५ | भुरुङ मान्द्रेढुङ्गा | - | - | २३०० |
| ६ | नारच्याङ | २००० | १८०० | १८०० |
| ७ | दाना | २४०० | २२०० | २००० |

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

क) गाउँपालिका कार्यालयको मिति २०८२।०३।०६ गतेको कर्मचारी तहवृद्धि सम्बन्धी सूचना ( सूचना नं २/२०८१/०८२) अनुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ४८ बमोजिम

तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा तोकिएको मापदण्ड एवं न्युनतम सेवा अवधि पूरा भएका र तोकिए बमोजिमको पछिल्ला आ.व.को कार्यसम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अंक प्राप्त गरेका तपसिलका कर्मचारीलाई २०८२ साउन १ गते देखी लागु हुने तहवृद्धि वृद्धि गर्ने ।

तपसिल :

| सि.न. | कर्मचारीको नाम | पद | क. संकेत नं | पदस्थापन भएको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेख बहादुर घर्ती क्षेत्री | सहायक शिक्षा अधिकृत / छैठौ | २४१८६३ | गाउँपालिकाको कार्यालय | |

ख) प्रदेश लोकसेवा आयोग गण्डकी प्रदेशबाट सिफारिस भई अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकामा प्रशासकीय अधिकृत/सातौ तँहमा मिति २०८२।०२।२७ गतेको नियुक्ति हुनुभएका सन्दिप ओलीले मिति २०८२।०३।३१ कार्यालयमा सोही मिति देखि राजीनामा लागु हुने गरी राजीनामा पत्र पेश गर्नुभएकाले निजको राजीनामा स्वीकृत गर्ने । र निजको स्थानमा बैकल्पिक उम्मेद्वार पठाइदिनको लागि लोकसेवा आयोगमा पत्राचार गर्ने ।

ग) सुरक्षित आप्रवासन (सामी) परियोजना अन्तर्गत वैदेशिक रोजगारको कार्यलाइ सुरक्षित, मर्यादित, व्यवस्थित तथा भरपर्दो बनाउने उद्धेश्यले यस गाउँपालिकामा सूचना तथा परामर्श, न्यायमा पहुँच, वित्तीय सारक्षता, मनोसामाजिक परामर्श लगायत सामुदायिक सचेतिकरणका क्रियाकलापहरु सञ्चालन गर्नका लागि १ जना मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौ) विज्ञापन गर्ने ।

**निर्णय नं ३ः**

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

क) मिति २०८२।०३।२७ गते अन्नपूर्ण गाउँपालिका वडा नं २ भुरुङ तातोपानीका निवेदकहरु भुवन गौचन, पूर्णप्रसाद तुलाचन, अञ्जु कर्माचार्य शेरचन, सावित्री तामाङ/वेगबहादुर तामाङ ज्यूहरुले गाउँपालिकाबाट भएको टेण्डर रद्ध गरी तातोपानी कुण्ड व्यवस्थापन तथा सञ्चालनका लागि सहयोग गरी पाउँ भन्ने निवेदन दर्ता गर्नुभएको उपर छलफल गर्दा गाउपालिका भित्र रहेको प्राकृतिक स्रोत गाउँपालिकाको हुने भएकाले गाउँपालिकाले कानुन बमोजिम आफै सञ्चालन तथा व्यवस्थापन गर्ने भनी जानकारी गराउने ।

ख) ४ नं वडा कार्यालयको प.स. २०८२।८३, चलानी नं ५, मिति २०८२।०४।०७ गतेको सिफारिस अनुसार मिति २०८२।०३।३२ गतेको दिन वडा नं ४ नारच्याङको गाडपारको सतोभिर भन्ने स्थानमा सुख्खा पहिरो गई गाडपार बस्ने ७२ बर्षकि सिता फगामीको आफ्नै गोठमा काम गरिरहेको अवस्थामा सुख्खा पहिरोले पुरिन गई घटनास्थलमा नै मृत्यु भएको प्रहरी मुजुल्का सहित विवरण प्राप्त भएकाले स्वर्गीय सिता फगामीको पति टुक बहादुर फगामीलाई गाउँपालिकाको तर्फबाट रु ५०,०००/- (अक्षेरुपी पचास हजार) र **विपद संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१** को दफा ५ को उपदफा ९ अनुसार रु २,००,०००/- ( अक्षेरुपी दुइ लाख ) विपद व्यवस्थापन कोषबाट उपलब्ध गराइ संघीय सरकारबाट प्राप्त हुने रकम शोध भर्ना माग गर्ने ।

ग) नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखाको प.स. २०८१।८२, च.न. ३१७, मिति २०८२ असार ५ गतेको पत्रको साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाख नं २ को मिति २०८२।०३।०२ च.न. ६०५६४ को पत्रबाट लेखि आएको "पालिकाको बजेटको ठुलो अंश आर्थिक सहायताको क्षेत्रमा विनियोजन गरी उक्त रकमलाई टुक्रा टुक्रा पारी विभिन्न व्यक्तिहरु, संस्थाहरु तथा राजनीतिक दलहरु समेतलाई वितरण गरेको देखिंदा सरकारी कोषको रकमबाट आर्थिक सहायता उपलब्ध गराउदा वस्तुपरक मापनका कानूनी आधारहरु तयार गरी पारदर्शी रुपमा आर्थिक सहायताको रकमको सदुपयोग गर्नेतर्फ जे-जे गर्नुपर्ने हो आवश्यक कदम उठाउन" सम्बन्धी सुझाव कार्यान्वयन गर्ने ।

घ) यस अन्नपूर्ण गाउँपालिका अन्तरगत रहेका विभिन्न झोलुङ्गेपुलको नियमित मर्मत सम्भार गर्नका लागि विभिन्न मितिमा नियुक्त गरिएका पुल संरक्षकको नियुक्ति आ.व.०८२।८३ को असार मसान्त सम्मका लागि नविकरण गर्ने ।

ङ) आ.व. २०८१।८२ को भुक्तानी गर्न दायित्व रहेको तपसिलका व्यक्ति तथा फर्महरुलाई चालु आ.व.मा दायित्व सारेर मिल्ने भुक्तानी दिने ।

तपसिल

| सि नं | दायित्व सार्नुपर्ने भुक्तानीको विवरण | रकम | भुक्तानी दिने शिर्षकको नाम | कारण |
|---|---|---|---|---|
| १ | जय दुप्चे निर्माण सेवा | २०३४० | प्रकोप व्यवस्थापन कोष | भुक्तानी छुट भएकाले |

| | | | | |
|---|---|---|---|---|
| २ | लालिगुराँस प्रिन्टिङ सेन्टर | १२०० | सार्वजनिक सुनुवाई | सार्वजनिक सुनुवाईको भुक्तानी छुट भएको । |
| ३ | होटल एभरेष्ट | ९३८० | सार्वजनिक सुनुवाई | सार्वजनिक सुनुवाईको भुक्तानी छुट भएको । |
| ४ | उत्तम होटल | ११५५० | सार्वजनिक सुनुवाई | सार्वजनिक सुनुवाईको भुक्तानी छुट भएको । |
| ५ | प्रकाश पौडेल | ६००० | सार्वजनिक सुनुवाई | सार्वजनिक सुनुवाईको भुक्तानी छुट भएको । |
| ६ | प्रताप वानिया | ६००० | सार्वजनिक सुनुवाई | सार्वजनिक सुनुवाईको भुक्तानी छुट भएको । |
| ७ | उत्तम होटल | ९२७० | रोजगार संयोजकको ससर्त तर्फको विविध शिर्षकबाट | रोजगारको कर्मचारीहरुको मासिक बैठकको खाजाबापतको रकम भुक्तानी छुट भएको । |
| ८ | कालीगण्डकी छापाखाना | ९४,९२० | मसलन्द शिर्षकबाट | यस कार्यालयमा आवश्यक पर्ने मसलान्द समाग्री खरिद प्रक्रिया पुरा गरी PAMS मा इन्ट्री भई आर्थिक प्रशासन शाखामा पेश भएको तर भुक्तानि छुट भएको |
| ९ | लालिगुरास अफसेट प्रेस | ३३९,००० | पत्रपत्रिका तथा छपाई शिर्षकबाट | अन्नपूर्णको चिनारी नामक बुकलेट छापि PAMS मा इन्ट्री भई आर्थिक प्रशासन शाखामा पेश भएको तर भुक्तानी छुट भएको । |
| १० | होटल एभरेष्ट | १३४९० | विविध खर्च शिर्षकबाट | कर्मचारीले अतिरिक्त समय काम गर्दाको खानाको भुक्तानी छुट भएको |

...प्रसाद शर्मा
...अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ११ | कञ्चन प्रिन्टर्स | ३३११ | मसलन्द शिर्षकबाट | कर्मचारी तथा जनप्रतिनिधिको ID Card प्रिन्ट निर्माण गरी PAMS मा इन्ट्री भई आर्थिक प्रशासन शाखामा पेश भएको तर भुक्तानी छुट भएको |
| १२ | पाउद्वार होटल एण्ड रेष्टुरेन्ट, | २२१० | अनुगमन मुल्याङ्कन शिर्षकबाट | जिल्ला समन्वय समितिको कार्यालय बेनीबाट अनुगमन आएको टोलीको खाजा भुक्तानी गर्न छुट भएको । |
| १३ | पाउद्वार होटल एण्ड रेष्टुरेन्ट | ६०००० | विविध खर्च शिर्षकबाट | कर्मचारीहरुले अतिरिक्त समय काम गर्दा खाजा/खानाको भुक्तानी गर्न छुट भएको । |
| १४ | ९ जना विद्यार्थीहरु छात्रवृत्ति वापतको रकम भुक्तानी ( अनिस रामदाम, सिया चौधरी, एलिस गर्बुजा, बेबिसा थजाली, युनिका शेरपुजा, कृष्टि वि.क. दिव्या बुढाथोकी, लक्ष्मी थापा मगर, सुमित्रा खत्री) | ५४००० | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका (६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृति शिर्षकबाट | भुक्तानी निकासा गरिएको तर सम्बन्धित विद्यार्थीको खातामा नगएको । (प्रति विद्यार्थी ६,००० हजारको दरले ) |
| १५ | क) सुरेन्द्र आर्ट<br>ख) जयदुर्गा हार्डवेयर्स एण्ड सप्लायर्श | क) १०७६००<br>ख) ३१,५८० | सूचना मुलक बोर्ड निर्माण | पर्यटकीय सूचना बोर्ड निर्माण तथा संशोधन भएको तर भुक्तानी छुट भएको । |
| कुल जम्मा रु | | ७६९,८५१ | (अक्षेरुपी रु सात लाख उनान्सत्तरी हजार आठ सय एकाउन्न) | |

च) आर्थिक बर्ष २०८२/८३ को लागि आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी बोलपत्र आह्वान गरिएको सम्बन्धी सूचना कार्यालयबाट मिति २०८२।०३।१८ गते रिखार राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको जानकारी प्राप्त भयो । चालु आ.व.को आय ठेक्काको सम्झौता नहुदा सम्मको लागि आय ठेक्का लाग्ने स्थानहरुमा प्रवेश शुल्क तथा क्यान्टिङ सञ्चालनको लागि तपसिल बमोजिमको तपसिल बमोजिमको शुल्क लिएर सम्झौता गर्ने ।

- पुनहिलमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन — रु १२,०००/-
- भु.तातोपानी कुण्डमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन- रु १५,०००/-
- पाउद्वार तातोपानी कुण्डमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन — रु ५,०००/-

छ) चालु आ.व.को लागि सङ्घीय सरकारबाट शसर्त तर्फ प्राप्त भएको **"रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकम (क्रियाकलाप कार्यान्वयनको लागि स्थानिय तहले कम्तीमा शतप्रतिशत रकम साझेदारी गर्नुपर्नेछ ।)"**मा रु २९,७२,०००।— (अक्षेरुपी उन्नतीस लाख बहत्तर हजार) र गाउँपालिकाले विनियोजित रोजगार शाखा अन्तरगत विनियोजन गरेको **"प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत साझेदारी रकम) रोजगार आयोजनाको लागि स्थानिय तहबाट शतप्रतिशत साझेदारी हुनुपर्ने"** मा रु ४,४७,०००/- ( अक्षेरुपी चार लाख सत्चालिस हजार) विनियोजन गरिएकोमा तपसिलको आयोजनाहरु स्वीकृत गरी कार्यान्वयन गर्ने ।

| क्र.स | आयोजनाको नाम | वडा नं | आयोजना रकम | कैफियत |
|---|---|---|---|---|
| १ | डेरा गोरेटोबाटो मर्मत सम्भार आयोजना | वडा नं १ दोवा | ५७७९२०/- | |
| २ | चिसापानी गोरटोबाटो निर्माण आयोजना | वडा नं २ भुरुङ तातोपानी | ४५७,५२०/- | |
| ३ | किम्लि बराह जाने गोरेटोबाटो निर्माण आयोजना | वडा नं ३ दाना | ३३११०० | |
| ४ | लेकगाउँ गोरेटो बाटो निर्माण आयोजना | वडा नं ४ नारच्याङ | ५१७१०४ | |
| ५ | गाडपार बासगोठ गोरटोबाटो निर्माण आयोजना | वडा नं ४ नारच्याङ | ५१२३१६ | |
| ६ | पाउद्वार मोटरबाटो सोलिङ निर्माण आयोजना | वडा नं ५ शिख | ३७९४२० | |
| ७ | सोबन्दे टिकोट गोरेटो बाटो निर्माण आयोजना | वडा नं ७ हिस्तान | ६४४,१४०/- | |

शर्मा
निकृत

ज) वडा नं. ७ कार्यालयको भवन निर्माणको लागि गाउँपालिकामा Structure analysis Architecture लगायतमा विज्ञ जनशक्ति नभएकोले चालु आ.व.मा "७ नं वडा कार्यालय भवन निर्माण परामर्श सेवा खरिद/ वातावरणीय प्रभाव मूल्याङ्कन शीर्षकमा छुट्याइएको रु ७,००,०००/- मध्यबाट भवनको ड्र्इङ्ग, डिजाइन, लागत अनुमान तयारी आदि गर्न देहाय बमोजिम काम गर्न रकम विनियोजन गर्ने ।

१) ७ नं वडा कार्यालय भवन र कवर्ड हल निर्माणको लागि विस्तृत परियोजना प्रस्तावको परामर्श सेवा खरिद रु ५,००,०००/-

२) प्रारम्भिक वातावरणीय मूल्याङ्कन रु २,००,०००/-

झ) यस अन्नपूर्ण गाउँपालिका अन्तर्गत आ.ब ०८२/०८३ मा ७ नम्वर वडा कार्यालय भवन र कवर्डहल निर्माणका लागि विस्तृत परियोजना प्रस्तावको परामर्श सेवा खरिद गर्नुपर्ने भएको र उक्त परामर्श सेवा खरिदका लागि स्वीकृत विभागीय नर्म्स नभएको हुँदा तपसिल वमोजिमका परामर्श सेवा खरिद गर्दा तपसिल वमोजिमका नर्म्सका आधारमा लागत अनुमान तयार गरि परामर्श सेवा खरिद गर्ने ।

| Name of the consultancy services :Detailed Survey, Design,Drawing and Estimates of Ward No 7 Office Building and Covered hall at Annapurna Rural Municipality -07,Myagdi. | | | | |
|---|---|---|---|---|
| **SN** | **Professional /Supporting staff** | **Durations** | | **Remarks** |
| | | **unit** | **desk study,Travel ,Field work, Office works,& Report preparation** | |
| **A** | **Key Staff** | | | |
| 1 | Team Leader (Architect/ Urban Planner) | days | 30.00 | |
| 2 | Structural Engineer | days | 14.00 | |
| 3 | Architect | days | 17.00 | |
| 4 | Civil Engineer/Quantity Surveyor | days | 17.00 | |
| 5 | Socio-Economist | days | 8.00 | |
| **B** | **Non-Key Expert** | | | |
| 1 | Sub-Engineer/ Draft Person | days | 17.00 | |
| 2 | Electrical Engineer | days | 9.00 | |
| 3 | Sanitary Expert | days | 9.00 | |
| **C** | **Support Staff** | | | |
| 1 | Computer operator | days | 10.00 | |
| 2 | Support staff/ Helper | days | 10.00 | |

**Note:**

1 Transportations of Personnels (Ls) 10% of cost of manpower Required

2 Tools and Equipment for Survey (Ls)10% of cost of manpower Required

3 Stationary and Logistic Support( LS) 5 % cost of manpower Required